# नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी–लेनिनवादी)को
# नियमावली, २०५७
**(चौथो संशोधन, २०७८ सहित)**

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी)को विधान, २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ र दशौं राष्ट्रिय महाधिवेशन, २०७८ बाट भएको संशोधनसहित)को धारा- १०० ले दिएको अधिकार प्रयोग गरी (२०७८ माघ १९ को बैठकले) नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को नियमावली, २०५७ (चौथो संशोधन, २०७८ सहित) पारित गरी लागू गरेको छ ।

## परिच्छेद- १
## प्रारम्भिक

### १. नाम र प्रारम्भ

१. यस नियमावलीको नाम 'नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को नियमावली, २०५७ (चौथो संशोधन, २०७८ सहित) रहेको छ ।

२. यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

१. 'पार्टी' भन्नाले नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) सम्झनुपर्दछ ।

२. 'विधान' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को विधान, २०४९ (प्रथम विधान महाधिवेशन, २०७८ तथा दशौं राष्ट्रिय महाधिवेशन, २०७८ बाट भएको संशोधनसहित) सम्झनुपर्दछ ।

३. 'नियमावली' भन्नाले नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) को नियमावली, २०५७ (चौथो संशोधन, २०७८ सहित) सम्झनुपर्दछ ।

४. 'विभाग' भन्नाले पार्टीको विधान र यस नियमावली बमोजिम गठन भएको विभाग सम्झनुपर्दछ ।

५. 'आन्तरिक लेखापरीक्षण' भन्नाले अन्तिम लेखापरीक्षणभन्दा पहिले सम्बन्धित अधिवेशनबाट निर्वाचित लेखापरिक्षण कमिटीले वा सम्बन्धित कमिटीले तोकेको लेखापरिक्षकबाट भएको लेखापरीक्षण सम्झनुपर्दछ ।

६. 'अन्तिम लेखापरीक्षण' भन्नाले पार्टीको केन्द्रीय लेखापरीक्षण आयोगबाट गरिने लेखापरीक्षणलाई सम्झनुपर्दछ ।

७. 'पार्टीसम्बद्ध जनसङ्गठन' भन्नाले यस नियमावलीको नियम, ६१ मा सूचीकृत जनसंगठन

सम्झनुपर्दछ। सो शब्दले पार्टीको वैचारिक तथा राजनीतिक नेतृत्व स्वीकार गर्ने र केन्द्रीय कमिटीद्वारा निर्णय गरिएका जनसङ्गठनलाई समेत सम्झनुपर्दछ।

८. 'कार्यालय' भन्नाले केन्द्रीय कमिटीको हकमा विधानको धारा- १७ (२), धारा- २२ र धारा- ९४ बमोजिम गठन भएको कार्यालयलाई सम्झनुपर्दछ। सो शब्दले यस नियमावलीको नियम, १३ बमोजिमको कार्यालय समेतलाई सम्झनुपर्दछ।

## परिच्छेद- २

## सदस्यता, नवीकरण र अभिलेख व्यवस्थापन

### ३. सदस्यता लिन निवेदन दिनुपर्ने

१. विधानको धारा- ५ को उपधारा (१) बमोजिम पार्टी सदस्य बन्न योग्यता पूरा गरेको व्यक्तिले अनुसूची- १ बमोजिमको ढाँचामा पालिका/इलाका कमिटीमा आवेदन दिनुपर्नेछ।

२. उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रीय कमिटीले कुनै व्यक्तिलाई सोझै सदस्यता प्रदान गर्न यस नियमावलीमा लेखिएको कुनै कुराले बाधा पर्नेछैन। तर यसरी सदस्यता प्रदान गरिएकोमा मातहतका सम्बन्धित कमिटीलाई सोको जानकारी दिनुपर्नेछ।

३. केन्द्रीय कमिटीले पार्टी सदस्यको डिजिटल डाटाबेस तयार गरी सम्बन्धित सबै तहका कमिटी र सदस्यहरूको पहुँच स्थापित गर्नेछ। सम्बन्धित कमिटीले आफ्नो कार्यक्षेत्रका पार्टी सदस्यको विवरणको डिजिटल र छापाप्रति सुरक्षित रूपमा राख्नुपर्नेछ।

### ४. सदस्यता शुल्क र लेबी

१. पार्टी सदस्यताको आवेदनपत्र पालिका/इलाका कार्यालयबाट प्राप्त गर्न वा पार्टीको वेबसाईट वा एपबाट डाउनलोड गर्न सकिनेछ।

२. पार्टी सदस्यता शुल्क मासिक रू. १५/- हुनेछ। यो व्यवस्था परीक्षणकालको आरम्भदेखि नै लागू हुनेछ।

३. पार्टी सदस्यता शुल्कको ४० प्रतिशत केन्द्रीय कमिटीमा, २५ प्रतिशत सम्बन्धित प्रदेश वा सो सरहको कमिटीमा, २० प्रतिशत सम्बन्धित जिल्ला वा सो सरहको कमिटीमा र १५ प्रतिशत सम्बन्धित पालिका/इलाका कमिटीमा रहनेछ।

४. माथिल्लो कमिटीले मातहत कमिटीलाई र सम्बन्धित कमिटीले आफ्नो कमिटीकासदस्यलाई लेबी तोक्न सक्नेछ। जिल्ला कमिटीले प्रदेश कमिटीमार्फत प्रति सदस्य मासिक रू. ५/- का दरले पार्टी केन्द्रमा लेबी बुझाउनुपर्नेछ।

५. पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि तथा पार्टीको सिफारिसमा राजनीतिक नियुक्तिमा गएका व्यक्तिहरूले देहायबमोजिम लेबी बुझाउनुपर्नेछ :

क) सङ्घीय सरकारका मन्त्री, प्रतिनिधिसभा सदस्य, राष्ट्रियसभा सदस्य र संघीय सरकारबाट नियुक्त व्यक्तिको लेबी केन्द्रीय कमिटीले निर्धारण गरेबमोजिम ।

ख) प्रदेश सरकारका मन्त्री, प्रदेशसभा सदस्य र प्रदेश सरकारले नियुक्त गरेको व्यक्तिको लेबी सम्बन्धित प्रदेश कमिटीले निर्धारण गरेबमोजिम ।

ग) जिल्ला तहमा निर्वाचित र जिल्ला तहको निकायबाट नियुक्त व्यक्तिको लेबी सम्बन्धित जिल्ला कमिटीले निर्धारण गरेबमोजिम ।

घ) स्थानीय तहमा निर्वाचित र स्थानीय तहबाट नियुक्त व्यक्तिको लेबी सम्बन्धित पालिका कमिटीले निर्धारण गरेबमोजिम ।

## ५. सदस्यता नवीकरण गर्ने प्रक्रिया

१. केन्द्रीय कमिटी, केन्द्रीय निकाय र केन्द्रीय विभागका पदाधिकारी र सदस्यको सदस्यता नवीकरण केन्द्रीय कमिटीले गर्नेछ । प्रदेश कमिटी र प्रदेशस्तरीय विभागका पदाधिकारी र सदस्यको सदस्यताको नवीकरण प्रदेश कमिटीले गर्नेछ । जिल्ला कमिटीका पदाधिकारी, सदस्य र सो मातहतका अन्य सबैको सदस्यता नवीकरण सम्बन्धित जिल्ला कमिटीले गर्नेछ ।

२. तोकिएको समयमा सदस्यता नवीकरण नभएको कुनै पनि सदस्यले पार्टी सदस्यको अधिकारको प्रयोग गर्न पाउने छैन ।

३. आगामी वर्षका लागि पार्टी सदस्यताको नवीकरण चालू वर्षको फागुन र चैत महिनामा गर्नुपर्नेछ । विशेष अवस्थामा केन्द्रीय कमिटीले सदस्यता नवीकरणको समय हेरफेर र सदस्यता नवीकरणको विधि तथा प्रक्रिया परिवर्तन गर्न सक्नेछ ।

४. विधानको धारा- ८ को उपधारा (२) बमोजिम नवीकरण नभएको कारण सदस्यता गुमेको व्यक्तिले देहायबमोजिम आफ्नो सदस्यता पुनः नवीकरण गर्न सक्नेछ :

क) सदस्यता नवीकरण गर्नुपर्ने मितिले एक वर्षभित्र सदस्यता शुल्क र लेबी तिरेमा,

ख) सदस्यता नवीकरण गर्नुपर्ने मिति एक बर्षभन्दा बढी भए जिल्ला कमिटीले तोकेको विधि र प्रक्रिया पूरा गरेमा ।

५. पार्टी सदस्यको अभिलेख अनुसूची- २ मा उल्लिखित ढाँचामा राख्नुपर्नेछ ।

## ६. सदस्यताको पुनः प्राप्ति

१. विधानको धारा- ८ को उपधारा (५) बमोजिम अनुशासनको कारबाहीमा परेको व्यक्तिले देहायका शर्त पूरा गरेमा पुनः सदस्यता प्राप्त गर्न सक्नेछ :

क) लिखित आत्मालोचनासहित सम्बन्धित कमिटीमा निवेदन दिएमा,

ख) सम्बन्धित कमिटी वा माथिल्लो कमिटीले कुनै शर्त निर्धारण गरेको अवस्थामा त्यस्तो शर्त पूरा गरेमा,

ग) सदस्यता शुल्क र लेबी बुझाएमा ।

२. नेपाली नागरिकता परित्याग गरेको कारण सदस्यता समाप्त भएको व्यक्तिले पुनः नेपाली नागरिकता प्राप्त गरेमा निजले पुनः पार्टी सदस्यता प्राप्त गर्न सक्नेछ ।

## ७. सदस्यता-पत्र तथा परिचय-पत्र

१. सदस्यलाई सदस्यता-पत्र प्रदान गरिनेछ ।

२. सदस्यता-पत्र अनुसूची- ३ बमोजिम हुनेछ ।

३. सबै तहका कमिटीका पदाधिकारी तथा सदस्यको परिचयपत्र अनुसूची- ४ बमोजिम हुनेछ ।

४. सदस्यता-पत्रको शुल्क रु. १००/- र परिचय-पत्रको शुल्क रू. १००/- हुनेछ ।

## ८. सदस्यता स्थानान्तरण

१. जिल्लाभित्र सदस्यको स्थानान्तरण जिल्ला कमिटीले र प्रदेशभित्र एक जिल्लाबाट अर्को जिल्लामा सदस्यको स्थानान्तरण प्रदेश कमिटीले गर्नेछ ।

२. एक प्रदेशबाट अर्को प्रदेशमा सदस्यको स्थानान्तरण केन्द्रीय संगठन विभागले गर्नेछ ।

३. सदस्यता स्थानान्तरणको सम्पूर्ण विवरण केन्द्रीय सङ्गठन विभागमा पठाउनुपर्नेछ ।

४. सदस्यता स्थानान्तरण-पत्र अनुसूची- ५ बमोजिम हुनेछ ।

## ९. अन्य पार्टीबाट समाहित भएका सदस्यको अभिलेख व्यवस्थापन

१. विधानको धारा- ८ (१) बमोजिम अन्य कम्युनिष्ट तथा वामपन्थी समूह वा अन्य पार्टीबाट नेकपा (एमाले)मा एकीकृत भएका वा प्रवेश गरेका पार्टी सदस्यहरूले अनुसूची- ६ बमोजिमको विवरण फारम भर्नुपर्नेछ ।

२. उपनियम (१) बमोजिमको पार्टी सदस्यको विवरण अभिलेखको लागि केन्द्रीय सङ्गठन विभागमा पठाउनुपर्नेछ ।

# परिच्छेद- ३

# महाधिवेशन र अधिवेशनमा प्रनिधित्व

## १०. महाधिवेशनमा प्रतिनिधित्व

१. विधानको धारा- १३ (२) (ग) बमोजिम महाधिवेशन प्रतिनिधिको संख्या र छनोट प्रक्रिया केन्द्रीय कमिटीले निर्धारण गरेबमोजिम हुनेछ ।

२. प्रतिनिधि चयनका लागि निर्वाचन गर्ने क्षेत्र निर्धारण गर्दा समान्यतया प्रतिनिधिसभाको निर्वाचन क्षेत्रलाई आधार बनाइनेछ । विशेष प्रदेश कमिटीको हकमा विशेष जिल्ला कमिटीको क्षेत्रलाई आधार बनाइनेछ । दलित प्रतिनिधि निर्वाचन गर्दा जिल्ला र श्रमिक प्रतिनिधि निर्वाचन गर्दा प्रदेशलाई आधार बनाइनेछ ।

३. उपनियम (२) मा उल्लेख गरिएको बाहेक अन्य प्रतिनिधित्वको आधार र संख्या केन्द्रीय कमिटीले निर्धारण गर्नेछ ।

४. कूल निर्वाचित प्रतिनिधिमा एक तिहाइ महिला सदस्य हुनेछन् ।

**११. अधिवेशनमा प्रतिनिधित्व**

१. प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका/इलाका अधिवेशनका लागि प्रतिनिधिको संख्या सम्बन्धित अधिवेशन आयोजना गर्ने कमिटीले निर्धारण गर्नेछ ।

२. प्रदेश र जिल्ला अधिवेशनका लागि प्रतिनिधि निर्वाचन गर्दा भौगोलिक क्षेत्र, दलित र श्रमिकको प्रतिनिधित्व हुने र निर्वाचित प्रतिनिधिमा एक तिहाइ महिला हुने व्यवस्था गर्नुपर्नेछ ।

३. पालिका/इलाका अधिवेशनका लागि प्रतिनिधि चयन गर्दा वडा/शाखाबाट प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्नेछ ।

४. वडा/शाखा अधिवेशनमा सामान्यतया सबै सदस्यहरू प्रतिनिधि हुनेछन् । तर सदस्य संख्या तीन सयभन्दा बढी भएमा सम्बन्धित कमिटीले टोल/प्रारम्भिक कमिटीबाट प्रतिनिधि निर्वाचित हुने व्यवस्था गर्न सक्नेछ ।

५. टोल/प्रारम्भिक अधिवेशनमा सबै सदस्य प्रतिनिधि हुनेछन् ।

## परिच्छेद- ४

## कार्यविभाजन, कार्यालय सञ्चालन र प्रतिवेदन

**१२. कार्यविभाजन**

१. प्रत्येक कमिटीले आफ्नो कमिटीका पदाधिकारी र सदस्यलाई परिभाषित जिम्मेवारी हुनेगरी कार्यविभाजन गर्नुपर्नेछ ।

२. कार्यविभाजन गर्दा भौगोलिक क्षेत्र, जनसंगठन र सरोकारवाला संगठनमा इन्चार्ज/सहइच्जार्ज र विभागमा प्रमुख/उपप्रमुख तोकिनेछ । यसबाहेक सम्बन्धित कमिटीले पहिचान गरेको अन्य जिम्मेवारी दिन बाधा पर्नेछैन ।

३. इञ्चार्ज/सहइञ्चार्जले कमिटीको तर्फबाट आफ्नो कायक्षेत्रको राजनीतिक, संगठनात्मक काममा मार्गदर्शन गर्नेछन् । प्रदेश, जिल्ला र सो मातहतका कमिटीका साथै जनसंगठनहरूले पार्टीबाट तोकिएका इञ्चार्ज/सहइञ्चार्जसँग समन्वय गरी काम गर्नेछन् ।

**१३. कार्यालय संचालन**

१. केन्द्रीय निकायको कार्यालय केन्द्रीय कमिटीले निर्धारण गरेको स्थानमा हुनेछ । प्रदेश र स्थानीय कमिटीको कार्यालय सम्बन्धित कमिटीले निर्धारण गरेको स्थानमा हुनेछ ।

२. प्रदेश र स्थानीय तहका कमिटीले निर्णय कार्यान्वयन, दैनिक कार्यसञ्चालन र कमिटीको बैठकमा प्रस्तुत गरिने योजना तथा प्रस्ताव तयार गर्न आफ्नो कमिटीका पदाधिकारी र कार्यालय सचिव रहेको कार्यालय गठन गर्न सक्नेछन् ।

३. आ-आफ्नो कार्यालय सञ्चालन गर्न र कार्यसम्पादनका लागि आवश्यक गृहकार्य गर्न केन्द्रीय आयोगले पदाधिकारीसहित बढीमा ७ सदस्यीय र केन्द्रीय सल्लाहकार परिषद तथा केन्द्रीय ज्येष्ठ कम्युनिष्ट मञ्चले पदाधिकारीसहित बढीमा २५ सदस्यीय सचिवालय गठन गर्न सक्नेछन् । प्रदेश र स्थानीय तहका सल्लाहकार परिषद् र जेष्ठ कम्युनिष्ट मञ्चले बढीमा ११ सदस्यीय सचिवालय गठन गर्न सक्नेछन् ।

## १४. प्रतिवेदन

१. इन्चार्ज/सहइञ्चार्ज र प्रमुख/उपप्रमुखले आफू सम्बन्धित कार्यक्षेत्रको अवस्था र कामको प्रतिवेदन आफ्नो कमिटीमा बुझाउनुपर्नेछ ।

२. सबै तहका कमिटीले एकतह माथिल्लो कमिटीलाई आफ्नो कार्यक्षेत्रको कार्ययोजना र कामको आवधिक समीक्षा प्रतिवेदन बुझाउनुपर्नेछ ।

३. विशेष अभियानको प्रतिवेदन अभियान सकिएलगत्तै सम्बन्धित कमिटीमा बुझाउनुपर्नेछ ।

# परिच्छेद- ५
# विभागको गठन र संचालन

## १५. केन्द्रीय विभागको गठन

१. विधानको धारा- १७ (२) र धारा- ९० बमोजिम केन्द्रीय कमिटीले आफ्नो मातहतमा देहायबमोजिमका विभागहरू गठन गर्न सक्नेछ :

क) अर्थ तथा योजना विभाग
ख) उद्योग, बाणिज्य तथा आपूर्ति विभाग
ग) उपभोक्ता हित संरक्षण तथा सुशासन विभाग
घ) ऊर्जा, जलस्रोत तथा सिँचाइ विभाग
ङ) कृषि तथा पशुपंक्षी विकास विभाग
च) कानुन विभाग
छ) केन्द्रीय पुस्तकालय तथा अभिलेख विभाग
ज) खानेपानी तथा सरसफाइ विभाग
झ) निर्वाचन विभाग
ञ) पर्यटन तथा नागरिक उड्डयन विभाग
ट) परराष्ट्र मामिला विभाग

ठ) प्रचार तथा प्रकाशन विभाग
ड) पार्टी स्कूल विभाग
ढ) भूमि व्यवस्था विभाग
ण) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग
त) युवा तथा खेलकुद विभाग
थ) राष्ट्रिय हित तथा सुरक्षा विभाग
द) वन तथा वातावरण विभाग
ध) वित्त तथा कोष व्यवस्थापन विभाग
न) विपद् व्यवस्थापन तथा स्वयम्सेवा विभाग
प) विज्ञान तथा प्रविधि विभाग
फ) शिक्षा तथा मानवस्रोत विभाग
ब) श्रम तथा रोजगारविभाग
भ) सङ्गठन विभाग
म) संसदीय विभाग
य) सङ्घीय मामला तथा सामान्य प्रशासन विभाग
र) सामाजिक सेवा विभाग
ल) समाजिक सुरक्षा तथा समाज कल्याण विभाग
व) सहकारी तथा गरिबी निवारण विभाग
श) सहरी विकास विभाग
ष) साहित्य, कला तथा संस्कृति विभाग
स) स्थानीय विकास विभाग
ह) स्वास्थ्य तथा जनसङ्ख्या विभाग

२. केन्द्रीय तहमा गठन हुने विभागमा प्रमुख, उपप्रमुख र सचिवसहित बढीमा ३५ सदस्य हुनेछन् ।

३. विभागका प्रमुख, उप-प्रमुख, सचिव र सदस्यको मनोनयन केन्द्रीय कमिटीले गर्नेछ ।

४. महाधिवेशनबाट नयाँ केन्द्रीय कमिटी निर्वाचित भएपश्चात् केन्द्रीय विभागको कार्यकाल स्वतः समाप्त हुनेछ ।

५. विभागले मातहतका कमिटी तथा निकायहरूलाई सिधा निर्देशन दिने वा परिचालन गर्ने छैनन् । मातहत कमिटी वा निकायलाई निर्देशन वा पत्राचार गर्नुपरेमा केन्द्रीय कार्यालयमार्फत गर्नुपर्नेछ ।

## १६. प्रदेश र स्थानीय तहमा विभागको गठन

१. प्रदेश र स्थानीय कमिटीले आफ्नो तहमा विधानको धारा- ३२ (२), ३७ (२), ४२ (२), ४७(२) र ९० बमोजिम देहायका विभागहरू गठन गर्न सक्नेछन् :

क) निर्वाचन विभाग

ख) पार्टी स्कुल विभाग

ग) प्रचार तथा प्रकाशन विभाग

घ) वित्त तथा कोष व्यवस्थापन विभाग

ङ) सङ्गठन विभाग

च) स्थानीय विकास विभाग

छ) सहकारी तथा गरिबी निवारण विभाग ।

(झ) संसदीय विभाग प्रदेश तहमा पनि गठन हुनेछ । प्रदेश तहको संसदीय विभागले आ-आफ्नो प्रदेशमा संघीय तहको संसदीय विभागका लागि परिभाषित अधिकार र कर्तव्य प्रयोग र पालना गर्नेछन् ।

२. उपनियम (१) मा उल्लेख भएबाहेक अन्य विभागहरू गठन गर्नुपरेमा एक तह माथिल्लो कमिटीको अनुमति लिनुपर्नेछ । विभागको अधिकार र कर्तव्य सम्बन्धित कमिटीले तोकेबमोजिम हुनेछ ।

३. प्रमुख, उपप्रमुख र सचिवसहित प्रदेश तहको विभागमा बढीमा १७, जिल्ला तहको विभागमा बढीमा ११ र सो मातहतमा बढीमा ७ सदस्य हुनेछन् ।

४. अधिवेशनबाट नयाँ कमिटी निर्वाचित भएमा वा कमिटी विघटन भएमा विभागको कार्यकाल स्वतः समाप्त हुनेछ ।

५. विभागले मातहत कमिटी र निकायलाई सिधा निर्देशन दिने वा परिचालन गर्ने छैनन् । मातहत कमिटी वा निकायलाई निर्देशन वा पत्राचार गर्नुपरेमा सम्बन्धित कार्यालयमार्फत गर्नुपर्नेछ ।

## १७. विभागका अधिकार र कर्तव्य

विभागले सम्बन्धित कमिटीको अंगका रूपमा रही नीति एवम् योजना निर्माण र कार्यान्वयनमा सहयोग गर्नेछन् । विभागहरू गठन गर्ने पार्टी कमिटीप्रति उत्तरदायी हुनेछन् र आफ्नो कामको योजना र प्रतिवेदन आफू सम्बन्धित कमिटीमा पेश गर्नेछन् । विभागका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन् :

### क) अर्थ तथा योजना विभाग

१. देशको आर्थिक अवस्थाको समीक्षा गर्ने, समष्टीगत तथा प्रदेशगतरूपमा अवलम्बन गर्नुपर्ने नीति र कार्यक्रमहरूबारे अध्ययन गर्ने र सुझाव दिने ।

२. सरकारको नीति तथा कार्यक्रम, बजेट एवम् प्रतिबद्धता र तिनको कार्यान्वयनका सम्बन्धमा समीक्षा गरी सुझाव दिने ।

३. सार्वजनिक संस्थानका सम्बन्धमा नीति प्रस्ताव तयार गरी पार्टीमा प्रस्तुत गर्ने ।

४. नेपालले लिइरहेको वैदेशिक सहायताको प्रभाव मूल्याङ्कन गर्ने र सुझाव प्रस्तुत गर्ने ।

५. नेपालले अवलम्बन गरिरहेको मौद्रिक, बैङ्किङ तथा वित्तीय नीति एवम् पुँजी बजारको मूल्याङ्कन गरी लिनुपर्ने नीति र चाल्नुपर्ने कदमका सम्बन्धमा प्रस्ताव प्रस्तुत गर्ने ।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ख) उद्योग, बाणिज्य तथा आपूर्ति विभाग

१. मुलुकको औधोगीकरणलाई अगाडि बढाउन र बाणिज्य तथा आपूर्ति क्षेत्रलाई प्रभावकारी बनाउन अध्ययन गर्ने र पार्टीले लिनुपर्ने नीतिहरूका सम्बन्धमा सुझाव दिने ।

२. उद्योग-व्यवसाय, बाणिज्य तथा आपूर्तिका क्षेत्रमा रहेका समस्या समाधान सम्बन्धमा सुझाव दिने ।

३. उद्योग तथा बाणिज्यसँग सम्बन्धित नीतिमा समयोचित परिमार्जन गर्न आवश्यक प्रस्ताव प्रस्तुत गर्ने ।

४. खानी तथा खानीजन्य पदार्थको अन्वेषण, उत्खनन्, प्रशोधन र प्रयोगका सम्बन्धमा अध्ययन गर्ने र अवलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा सुझाव प्रस्तुत गर्ने ।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ग) उपभोक्ता हित संरक्षण र सुशासन विभाग

१. सुशासनको प्रत्याभूति गर्न र बस्तु तथा सेवाको गुणस्तर र मूल्यको विषयमा उपभोक्ताको हित संरक्षण गर्न अपनाउनुपर्ने नीतिका सम्बन्धमा अध्यायन गरी सुझाव पेश गर्ने ।

२. उपभोक्ता हित संरक्षण र सुशासनका क्षेत्रमा देखिएका चुनौतीको समाधानको लागि आवश्यक सुझाव दिने ।

३. उपभोक्ता हित संरक्षणका क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन प्रशिक्षण सामाग्री तयार गरी प्रस्तुत गर्ने ।

४. सुशासन तथा उपभोक्ताको हित प्रतिकूल भइरहेका क्रियाकलापविरुद्ध जनचेतना अभिबृद्धि गर्ने ।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**घ) ऊर्जा, जलस्रोत तथा सिँचाइ विभाग**

१. उर्जा, जलस्रोत र सिँचाइका सम्बन्धमा सरकारले लिएका नीति तथा कानुनहरूको अध्ययन गरी तिनलाई समयानुकूल परिमार्जन गर्न सुझाव दिने ।

२. मुलुकको ऊर्जा, जलस्रोत र सिँचाइको अवस्था एवं त्यसक्षेत्रका समस्याको अध्ययन गरी तिनको समाधानका उपायबारे प्रतिवेदन प्रस्तुत गर्ने ।

३. ऊर्जा जलस्रोत, सिँचाइसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिका बारेमा सुझाव दिने ।

४. ऊर्जा क्षेत्रका समस्या समाधान गर्न चाल्नुपर्ने कदमबारे अध्ययन गरी राय-सुझाव प्रस्तुत गर्ने ।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**ङ) कृषि तथा पशुपंक्षी विकास विभाग**

१. कृषिको व्यावसायीकरण, आधुनिकीकरण एवम् कृषि उत्पादन बृद्धि गर्ने विषयमा सुझाव दिने ।

२. नेपाललाई खाद्यान्न, फलफूल, तरकारी र पशुपंक्षी आयात गर्ने अवस्थाबाट निर्यात गर्ने अवस्थामा पुऱ्याउन आवश्यक सुझाव दिने ।

३. कृषि तथा पशुपंक्षी क्षेत्रमा गर्नुपर्ने नीतिगत, कानुनी र संरचनागत क्षेत्रमा गर्नुपर्ने कामका सम्बन्धमा सुझाव दिने ।

४. कृषि क्षेत्रका समस्या तथा समाधानका उपायहरूका सम्बन्धमा अध्ययन गरी पार्टी नीतिमा समयोचित परिमार्जन गर्न सुझाव प्रस्तुत गर्ने ।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**च) कानुन विभाग**

१. देशको संविधान र कानुनहरूको कार्यान्वयनको अवस्थाबारे अध्ययन गरी सुझाव दिने ।

२. विद्यमान कानून वा संसदमा पेश भएको विधेयकमा संशोधन गर्ने वा नयाँ कानून निर्माण गर्ने वा खारेज गर्ने सम्बन्धमा सुझाव दिने ।

३. सम्बन्धित पार्टी कमिटीलाई आवश्यक कानुनी परामर्श दिने र कानुनसम्बन्धी सामग्रीहरू तयार पार्ने ।

४. पार्टीसँग सम्बन्धित र पार्टीले तोकेका मुद्दा-मामिलाहरूको सन्दर्भमा आवश्यक सहयोग गर्ने ।

५. राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका कानुनी विषयहरूमा सम्बन्धित क्षेत्रका विज्ञहरूसँग छलफल वा विचार विमर्श गरी प्राप्त निष्कर्षहरू प्रस्तुत गर्ने ।

६. कानुन र न्याय क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घ-संस्थाहरू र विशेषज्ञको अभिलेख राख्ने । कानुनी राज्यको विकासका लागि उनीहरूको सहयोग तथा सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**छ) पुस्तकालय तथा अभिलेख विभाग**

१. पार्टीको पुस्तकालयलाई आधुनिक तथा वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्ने र विद्युतीय पुस्तकालयको स्तरमा विकास गर्ने ।

२. कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित दस्तावेज, पुस्तक तथा अभिलेखहरू सङ्कलन गर्ने । उपलब्ध पुस्तक, बुलेटिन तथा पत्रपत्रिकालाई स्तरअनुरूप वर्गीकरण गरी सूचीकृत गर्ने ।

३. दर्शन, राजनीति, इतिहास, साहित्य, समाजशास्त्र, विज्ञान तथा प्रविधिलगायत विभिन्न विधाका सामाग्रीहरू सङ्कलन, वर्गीकरण र सूचीकरण गर्ने ।

४. पार्टीका अभिलेख सङ्कलन तथा व्यवस्थापन गर्ने ।

५. पार्टी स्कुल विभागका लागि निर्धारण गरिएका पाठ्यक्रम तथा पाठ्यपुस्तक संकलन गर्ने ।

६. अन्तर्वार्ता, संवाद र कुराकानीका माध्यमबाट कम्युनिस्ट तथा लोकतान्त्रिक आन्दोलनका अग्रज व्यक्तित्वहरूसँगको अनुभव तथा आन्दोलनको इतिहासको श्रव्य-दृष्यको अभिलेख राख्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**ज) खानेपानी तथा सरसफाइ विभाग**

१. खानेपानी तथा सरसफाइको सम्बन्धमा समग्र अवस्थाको अध्ययन गरी सुझाव दिने ।

२. मुलुकको खानेपानी तथा सरसफाइको अवस्था र त्यस क्षेत्रका समस्या एवं समाधानका उपायबारे अध्ययन गरी सुझाव प्रस्तुत गर्ने ।

३. खानेपानी तथा सरसफाइसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभव संकलन गर्ने ।

४. सवै नेपालीको घरमा शुद्ध र पर्याप्त खानेपानीको प्रबन्ध गर्न, फोहोर व्यवस्था गर्न, फोहोरको पुनः प्रयोग गरी आम्दानीको स्रोतको रूपमा विकास गर्न अवलम्बन गर्नुपर्ने

नीतिगत, कानुनी तथा संरचनागत व्यवस्थाका सम्बन्धमा सुझाव दिने ।

५. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## झ) निर्वाचन विभाग

१. पार्टीको तर्फबाट सङ्घ, प्रदेश र स्थानीय तहको निर्वाचन तथा उपनिर्वाचनसँग सम्बन्धित विषयमा निर्वाचन आयोग तथा अन्य सरकारी निकायहरूसँग सम्पर्क र समन्वय गर्ने ।

२. निर्वाचन क्षेत्र निर्धारण र निर्वाचन प्रणालीमा गर्नुपर्ने कानुनी, संरचनात्मक तथा व्यावहारिक सुधारका बारेमा अध्ययन गरी सुझाव दिने ।

३. निर्वाचनमा पार्टीले उठाउने उम्मेदवारहरूका लागि मापदण्ड तयार गरी सुझाव पेस गर्ने ।

४. निर्वाचनमा पार्टीले अवलम्बन गर्नुपर्ने नीतिका सम्बन्धमा सुझाव दिने ।

५. निर्वाचनसम्बन्धी विज्ञ-विशेषज्ञहरूको अभिलेख राख्ने । निर्वाचन प्रणालीमा सुधार गर्न र निर्वाचनलाई निष्पक्ष, धाँधलीरहित र विश्वसनीय बनाउन सुझाव तथा सहयोग प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ञ) पर्यटन तथा नागरिक उड्डयन विभाग

१. पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको समग्र अवस्था र यस क्षेत्रको विकासको लागि सुझाव प्रस्तुत गर्ने ।

२. नागरिक उड्डयन क्षेत्रको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुभवको संकलन गर्ने, सुरक्षित नागरिक उड्डयनको प्रत्याभूतिको लागि आवश्यक सुझाव पेश गर्ने ।

३. पर्यटन प्रवर्द्धनका क्षेत्रमा उत्पन्न चुनौतीको अध्ययन गरी पार्टीले लिनुपर्ने नीतिसम्बन्धमा सुझाव दिने ।

४. पर्यटन प्रवर्द्धनका सम्भावनाहरू पहिचान गर्ने र पर्यटन क्षेत्रलाई राष्ट्रिय विकासको महत्वपूर्ण अंगको रूपमा विकास गर्न सुझाव दिने ।

५. पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको विकासका अन्तराष्ट्रिय अनुभवहरूको अध्ययन गर्ने । यस क्षेत्रमा नीतिगत, कानुनी तथा संरचनागत क्षेत्रमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिने ।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल

गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ट) परराष्ट्र मामिला विभाग

१. पार्टी र मुलुकले अवलम्बन गर्नुपर्ने परराष्ट्र नीतिका सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्ने ।

२. विभिन्न मुलुकका कम्युनिस्ट, समाजवादी, वामपन्थी, श्रमिक तथा अन्य पार्टीका बारेमा जानकारी लिने, अभिलेख राख्ने र उनीहरूसँग सम्बन्ध विकास गर्न पहल गर्ने । उनीहरूसँग प्रकाशन, अनुभव र विचारको आदान-प्रदान गर्ने ।

३. विश्वमा भएका महत्वपूर्ण राजनीतिक घटनाहरूका बारेमा अध्ययन तथा विश्लेषण गरी सुझाव पेस गर्ने ।

४. अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा पार्टीको सहभागिताका लागि नाम सिफारिस गर्ने । पार्टीको तर्फबाट हुने भ्रमणलाई अधिकतम उपयोगी बनाउने । विदेश भ्रमणमा जानेहरूबाट लिखित प्रतिवेदन प्राप्त गर्ने र अभिलेख राख्ने ।

५. पार्टीको अङ्ग्रेजी मुखपत्र- न्यू एरा लगायत पार्टीका दस्तावेज तथा प्रकाशनहरू र हाम्रो देश तथा पार्टीका बारेमा जानकारी गराउने सामाग्रीहरू विदेशी भाषामा प्रकाशित गर्ने ।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ठ) प्रचार तथा प्रकाशन विभाग

१. पार्टीका सिद्धान्त, कार्यक्रम, नीति र निर्णयहरू जनतामा स्थापित गर्न प्रचार-प्रसार गर्ने र पार्टीका पक्षमा जनमत सिर्जना गर्ने ।

२. पार्टीको मुखपत्र- नवयुग, वेवसाइटलगायत विद्युतीय सञ्चारमाध्यम सम्पादन, प्रकाशन तथा सञ्चालन गर्ने । आवश्यकतानुसार अन्य प्रचार सामग्री तयार गर्ने ।

३. सञ्चारमाध्यम तथा सञ्चारकर्मीहरूसँग नियमित भेटघाट र अन्तर्क्रिया गर्ने । सञ्चारकर्मीहरूलाई सक्षम बनाउने र उनीहरूलाई पार्टीको नीति तथा विचारको प्रचार-प्रसारमा परिचालन गर्ने ।

४ स्वदेशी तथा विदेशी सञ्चारमाध्यम र संस्थाहरूसँग नियमित सम्बन्ध-सम्पर्क कायम गर्ने ।

५. सूचना प्रविधिको क्षेत्रमा भइरहेको कामको मूल्याङ्कन गर्ने र यस क्षेत्रको विकास तथा विस्तारको लागि अवलम्बन गर्नुपर्ने नीति, विधि र संरचनाका सम्बन्धमा सुझाव दिने ।

६. सम्बन्धित विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ड) पार्टी स्कुल विभाग

१. पार्टीका सिद्धान्त, कार्यक्रम र नीतिमा आधारित नियमित वा आवधिक पार्टी स्कुल सञ्चालन गर्ने । त्यसका निम्ति कार्ययोजना तयार गरी कमिटीसमक्ष प्रस्तुत गर्ने ।

२. पार्टी स्कुलका लागि आवश्यक पर्ने पाठ्यक्रम र पाठ्यसामग्री तयार गर्ने र कमिटीको स्वीकृतिमा प्रकाशन गर्ने ।

३. पार्टी स्कुलका निम्ति आवश्यक प्रशिक्षक तथा विशेषज्ञहरू तयार गर्ने ।

४. पार्टी सदस्यको सैद्धान्तिक-वैचारिक स्तर उठाउन आवश्यक योजना निर्माण र कार्यान्वयन गर्ने । पार्टीमा एकीकृत भएका वा नयाँ प्रवेश गरेका सदस्यहरूलाई प्रशिक्षणको व्यवस्था गर्ने ।

५. प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने, प्रशिक्षार्थीहरूको परीक्षा लिने तथा प्रमाणपत्र दिने र सोको अभिलेख राख्ने ।

६. स्वदेश तथा विदेशका पार्टी स्कुलहरूसँग अनुभव आदान-प्रदान गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ढ) भूमि व्यवस्था विभाग

१. वैज्ञानिक भूमिसुधार, भू-उपयोग, भू-स्वामित्व एवम् भूमि-अधिकारसम्बन्धी नीति तथा भूमिसँग सम्बन्धित समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्ने ।

२. नेपालको अन्तराष्ट्रिय सिमाना तथा सीमा सुरक्षाका सम्बन्धमा अध्ययन गरी सुझाव दिने ।

३. सुकुम्बासी र भूमिहीनलाई भूस्वामित्व दिलाउन, आवासको प्रबन्ध गर्न वा रोजगारीको माध्यमबाट उनीहरूका समस्या समाधान गर्न आवश्यक पर्ने नीतिगत, कानुनी तथा संरचनागत प्रबन्धका लागि सुझाव दिने ।

४. अन्तराष्ट्रिय सिमाना तथा भूमी विषयका विज्ञहरूको अभिलेख राख्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

५. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ण) भौतिक पूर्वाधार तथा यातायात व्यवस्था विभाग

१. भौतिक पूर्वाधार तथा यातायात क्षेत्रको समग्र अवस्थाको अध्ययन गर्ने र सो क्षेत्रको विकास तथा विस्तारका लागि सुझाव दिने ।

२. यातायात क्षेत्रका समस्या र चुनौतीहरूको अध्ययन गरी पार्टीले लिनुपर्ने नीति सम्बन्धमा प्रतिवेदन प्रस्तुत गर्ने ।

३. भौतिक पूर्वाधार विकासका निम्ति क्षेत्रगत एवं विषयगत नीतिहरू तयार पार्न पार्टीमा सुझाव प्रस्तुत गर्ने ।

४. भौतिक पूर्वाधारको विकास र यातायातसँग सम्बन्धित नवीन प्रविधि र प्रयोगको अध्ययन गरी मुलुक सुहाउँदो प्रविधि प्रवर्द्धन गर्न सुझाव प्रस्तुत गर्ने ।

५. भौतिक पूर्वाधार तथा यातायातसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

### त) युवा तथा खेलकुद विभाग

१. युवा शक्तिको समग्र अवस्थाको अध्ययन गर्ने र उनीहरूलाई योग्य तथा सक्षम बनाउन सुझाव दिने ।

२. युवाका बारेमा मौजुदा ऐन, कानुन र संरचनालाई समयानुकूल अद्यावधिक गर्न सुझाव दिने ।

३. खेलकुदको विकास तथा विस्तार गर्न, खेलाडीलाई आत्मनिर्भर बनाउन र खेलकुदलाई अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धी बनाउन आवश्यक नीति तथा योजना प्रस्ताव गर्ने ।

४. बेरोजगार युवालाई उत्पादन कार्यमा सहभागी गराउन नीति तथा योजना प्रस्ताव गर्ने र कार्यान्वयनका लागि सुझाव दिने ।

५. युवाका बीचमा पार्टीलाई स्थापित गराउन अवलम्बन गर्नुपर्ने नीति तथा योजनाका सम्बन्धमा सुझाव दिने ।

६. युवा र खेलकुद क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

### थ) राष्ट्रिय हित तथा सुरक्षा विभाग

१. पार्टीले लिनुपर्ने राष्ट्रिय हित र सुरक्षा नीतिका सम्बन्धमा अध्ययन गरी सुझाव प्रस्तुत गर्ने ।

२. राष्ट्रिय सुरक्षाको क्षेत्रमा विद्यमान समस्या र चुनौतीको अध्ययन गरी समाधानको उपायका सम्बन्धमा सुझाव दिने ।

३. राष्ट्रिय सुरक्षा नीतिका सम्बन्धमा अन्तराष्ट्रिय अनुभवको अध्ययन गर्ने । राष्ट्रिय सुरक्षा नीतिलाई समयानुकूल विकास गर्न सुझाव दिने ।

४. राष्ट्रिय सुरक्षामा प्रतिकूल प्रभाव पार्नसक्ने विषयका बारेमा अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

५. राष्ट्रिय सुरक्षा विज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**द) वन तथा वातावरण विभाग**

१. मुलुकको वनजङ्गल, जैविक विविधता र वातावरणीय अवस्थाको अध्ययन गर्ने । त्यस क्षेत्रका समस्या समाधानका लागि सुझाव प्रस्तुत गर्ने ।

२. वनजङ्गल, जैविक विविधता र वातावरणको क्षेत्रमा विद्यमान नीतिगत, कानुनी तथा संरचनागत अवस्थाको अध्ययन गर्ने र समयानुकूल परिमार्जन गर्न सुझाव दिने ।

३. औद्योगिकीकरण एवम् ठूला आयोजना निर्माण र वातावरण संरक्षणका बीचमा सन्तुलन कायम राख्न लिनुपर्ने नीतिका सम्बन्धमा सुझाव दिने ।

४. वातावरणलाई प्रतिकूल असर पार्ने वस्तुहरूको उत्पादन तथा उपभोग, औद्योगिक प्रदूषण र हानिकारक रासायनिक फोहोरको व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा सुझाव दिने ।

५. वातावरण संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि-सम्झौताको अध्ययन गरी सुझाव दिने ।

६. वनजङ्गल, जैविक विविधता र वातावरणको क्षेत्रमा कार्यरत विज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने । यस क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घ-संस्थाहरूसँग सम्पर्क र समन्वय गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**ध) वित्त तथा कोष व्यवस्थापन विभाग**

१. पार्टीको आर्थिक व्यवस्थापनसम्बन्धी कार्य गर्ने । पार्टीको कोषलाई मितव्ययी ढङ्गले परिचालन गर्ने ।

२. पार्टीको आर्थिक अवस्था सुदृढ गर्न कार्ययोजना र बार्षिक बजेट तयार गरी कमिटीसमक्ष प्रस्तुत गर्ने ।

३. कमिटीको आय-व्यय नियमित रूपमा बैङ्किङ प्रणालीमार्फत गर्ने र गर्न लगाउने ।

४. दोहोरो लेखाप्रणालीअन्तर्गत लेखा राख्ने र आन्तरिक लेखापरीक्षण गर्ने । लेखापरीक्षणबाट देखिएका बेरुजुहरू फछ्र्यौट गर्न लगाउने ।

५. केन्द्रीय कमिटीसमक्ष आर्थिक विनियम प्रस्तुत गर्ने र पारित भएपछि प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

६. विभाग प्रमुखले दैनिक आर्थिक कार्य सम्पादन गर्ने । उक्त कार्य प्रमुखको अनुपस्थितिमा विभागले तोकेको व्यक्तिले गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## न) विपद व्यवस्थापन तथा स्वयम्सेवा विभाग

१. भूकम्प, बाढी-पहिरो, आगजनी, महामारीजस्ता प्राकृतिक तथा मानवीय विपत्तिको समयमा जनताको हितमा पार्टीपंक्ति परिचालन गर्न सुझाव प्रस्तुत गर्ने ।

२. पार्टीभित्र स्वयंसेवाको भावना विकास गर्न र पार्टी कमिटी तथा जनसंगठनमार्फत राहत, उद्धार र स्वयम्सेवाका कार्यक्रम संचालन गर्न आवश्यक पर्ने नीतिगत तथा संरचनागत प्रबन्धका सम्बन्धमा सुझाव दिने ।

३. विपद् व्यवस्थापनसम्बन्धी राज्यका निकायले गरेका कामको अनुगमन गर्ने र सुधारको लागि पहल गर्ने ।

४. उद्धार, राहत र पुनःस्थापना सम्बन्धमा पार्टीपंक्तिलाई प्रशिक्षित गर्न सुझाव दिने ।

५. स्वयंसेवी संस्था तथा व्यक्तिसँग सम्पर्क, समन्वय र सहकार्य गर्ने । उनीहरूबाट उद्धार, राहत र पुनःस्थापनाको कार्यमा सहयोग प्राप्त गर्ने ।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## प) विज्ञान तथा प्रविधि विभाग

१. विज्ञान तथा प्रविधिको विकासका लागि पार्टीले लिनुपर्ने नीतिका सम्बन्धमा सुझाव दिने ।

२. विज्ञान तथा प्रविधि क्षेत्रका समस्या र चुनौतीको अध्ययन गरी पार्टीलाई सुझाव दिने ।

३. विज्ञान तथा प्रविधिको विकासका माध्यमबाट उत्पादकत्व बृद्धि, श्रमको सरलीकरण तथा परम्परागत प्रविधि तथा सीपको आधुनिकीकरणका लागि अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने ।

४. विज्ञान तथा प्रविधिसम्बन्धी मौजुदा ऐन, कानुन र संरचनाका सम्बन्धमा अध्ययन गर्ने र त्यसलाई समयानुकूल अद्यावधिक गर्न सुझाव दिने ।

५. वैज्ञानिक अध्ययन, अन्वेषण र अनुसन्धानका क्षेत्रका प्रतिभाहरूलाई राज्य र पार्टीका तर्फबाट प्रोत्साहित गर्न सुझाव दिने ।

६. विज्ञान तथा प्रविधिसम्बन्धी विषय विज्ञहरूको अभिलेख तयार गर्ने, उनीहरूसँग अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## फ) शिक्षा तथा मानवस्रोत विभाग

१. मौलिक हकको रूपमा रहेको आधारभूत शिक्षाको कार्यान्वयन अवस्थाका बारेमा अध्ययन गर्ने र प्रभावकारी कार्यान्वयनका लागि सुझाव दिने ।

२. वर्तमान शिक्षा नीतिको अध्ययन गरी वैज्ञानिक तथा जीवनोपयोगी शिक्षा नीति विकास गर्न सुझाव दिने ।

३. शैक्षिक क्षेत्रका समस्याको अध्ययन गर्ने र समाधानका लागि सुझाव दिने । शैक्षिक जनशक्ति निर्माण गर्न नीति तथा योजना प्रस्ताव गर्ने । प्राविधिक जनशक्ति उत्पादनका निम्ति लिनुपर्ने नीतिका सम्बन्धमा सुझाव दिने ।

४. मुलुकमा सञ्चालित विश्वविद्यालय र नयाँ खोलिने विश्वविद्यालयका लागि लिनुपर्ने नीतिका सम्बन्धमा अध्ययन गरी राय-सुझाव प्रस्तुत गर्ने ।

५. शिक्षा क्षेत्रमा विद्यमान नीतिगत, कानूनी र संरचनागत क्षेत्रमा समयानुकूल परिमार्जन गर्न सुझाव दिने । शिक्षामा निजी क्षेत्रको लगानीको प्रभाव मूल्यांकन गर्ने र सार्वजनिक क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्न सुझाव दिने ।

६. शिक्षा क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ब) श्रम तथा रोजगारविभाग

१. मुलुकमा विद्यमान श्रम, श्रमसम्बन्ध, रोजगारी र सामाजिक सुरक्षाको समग्र अवस्थाको अध्ययन गरी प्रतिवेदन प्रस्तुत गर्ने ।

२. श्रम, रोजगार तथा सामाजिक सुरक्षासँग सम्बन्धित समस्या पहिचान गरी समाधानका लागि नीतिगत, कानुनी र संरचनागत क्षेत्रमा समयानुकूल परिमार्जन गर्न सुझाव दिने ।

३ रोजगारीका क्षेत्रहरूको पहिचान गर्दै रोजगारी बृद्धिका उपायहरूबारे सुझाव प्रस्तुत गर्ने ।

४. वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित, सुरक्षित र परिणाममुखी बनाउन गर्नुपर्ने कामका सम्बन्धमा अध्ययन गरी प्रतिवेदन दिने ।

५. परिवर्तित अवस्थामा ट्रेड युनियन आन्दोलनका अभिभाराका सम्बन्धमा अध्ययन गर्ने र यसको कार्यप्रणालीमा सुधार गर्न आवश्यक सुझाव दिने ।

६. सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## भ) सङ्गठन विभाग

१. पार्टीका सबै तहका कमिटी, सदस्य र मानार्थ सदस्यको अभिलेख राख्ने, प्रमाणित गर्ने र आवश्यकता अनुसार पार्टी सदस्यता स्थानान्तरण गर्ने ।

२. पार्टी सदस्य र सबै तहका कमिटी, आयोग, निकाय, विभागका पदाधिकारी तथा सदस्यको नाम थर, विवाहित भए दम्पत्तिको नाम, स्थायी ठेगाना, अस्थायी ठेगाना, आमाको नाम, बाबुको नाम, जन्म मिति, नागरिकता प्रमाणपत्र नम्बर, नागरिकता प्रमाणपत्र जारी भएको जिल्ला, लिङ्ग, जाति/समुदाय, पेसा, वर्ग, शैक्षिक योग्यताको अभिलेख तयार गर्ने र नियमित रूपमा अद्यावधिक गर्ने ।

३. पार्टीले लिनुपर्ने संगठनात्मक नीतिका सम्बन्धमा प्रस्ताव पेश गर्ने ।

४. पार्टीको विधान तथा नियमावलीमा संशोधन वा व्याख्या गर्नुपरेमा वा त्यसको प्रयोगका क्रममा बाधा अड्काउ फुकाउनपरेमा केन्द्रीय कमिटीसमक्ष प्रस्ताव प्रस्तुत गर्ने ।

५. पार्टीको नियमावली, निर्देशिका, विनियम र आचारसंहिता निर्माण वा संशोधन सम्बन्धमा प्रस्ताव तयार गर्ने र केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

६. पार्टीका सबै तहका कमिटी र विभागहरूमा निर्वाचित र मनोनित पदाधिकारी र सदस्यहरूको योग्यता र मापदण्ड विधान, नियमावली तथा राजनीतिक दलसम्बन्धी कानून अनुसार भए-नभएको छानबिन गरी केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

७. मातहतका कमिटीहरूको संगठनात्मक अवस्थाका बारेमा जानकारी लिन र संगठनात्मकक्षेत्रका समस्या समाधान गर्नका लागि राय सुझाव दिन कुनै पनि कमिटीको बैठकमा विभागको तर्फबाट भाग लिनसक्ने ।

८ पार्टीद्वारा प्रत्यक्ष संचालित जनवर्गीय तथा सामुदायिक संगठन र सरोकारवाला संगठनहरूको अनुगमन, निरीक्षण र मूल्यांकन गरी सम्बन्धित संगठन तथा तिनका पदाधिकारीहरूलाई सुझाव दिने ।

९. विधान, नियमावली र संगठनात्मक प्रस्तावको प्रभावकारी कार्यान्वयन र तदनुरूप पार्टी निर्माण तथा परिचालनका लागि प्रशिक्षण गर्ने ।

१०. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## म) संसदीय विभाग

१. सङ्घीय संसदीय दललाई पार्टीको सिद्धान्त, कार्यक्रम र नीतिअनुरूप सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

२. सङ्घ, प्रदेश र स्थानीय सरकारहरूबीचको आपसी सम्बन्ध सुमधुर र जनमैत्री बनाउन लिनुपर्ने नीति र चाल्नुपर्ने कदमहरूबारे पार्टीलाई सुझाव दिने । सङ्घीय संसदीय दल र संसद् तथा सरकारबीच सम्पर्क तथा समन्वय गर्ने ।

३. दलका नेताको परामर्शमा दलका सदस्यहरूलाई संसद्का समिति तथा कार्यदलहरूमा र विदेशी प्रतिनिधिमण्डल तथा कार्यक्रमहरूमा सहभागी गराउन सिफारिस गर्ने ।

४. दलको भूमिकालाई प्रभावकारी बनाउन आवश्यक योजना निर्माण गर्ने र दलका सदस्यहरूको क्षमता अभिबृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने । दलको काम र भूमिकाको सम्बन्धमा आवधिक रूपमा समीक्षा प्रतिवेदन तयार गरी केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

५. संसदीय दलको विधान संशोधनका लागि प्रस्ताव तयार गर्ने र दलद्वारा पारित विधान अनुमोदनका लागि केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने । दलको विधानको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन केन्द्रीय कमिटीमा सुझाव प्रस्तुत गर्ने ।

६. सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव तथा सहयोग प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## य) सङ्घीय मामिला तथा सामान्य प्रशासन विभाग

१. सङ्घीय मामिला तथा सामान्य प्रशासन क्षेत्रका समग्र कामको मूल्यांकन गरी सङ्घीयताको मर्मअनुरूप शासन संचालन र राज्यका निकायहरूबाट सेवाग्राही मैत्री सेवाप्रवाह हुनेगरी सामान्य प्रशासन संचालनको लागि नीतिगत सुझाव दिने ।

२. संघ र प्रदेश तथा प्रदेश र प्रदेशबीचमा उत्पन्न समस्या समाधान गर्न आवश्यक नीतिगत, कानूनी तथा संरचनाको विकास गर्न सुझाव दिने ।

३. नेपालको निजामती सेवालाई प्रभावकारी बनाउन र जनताको सेवामा अधिकतम् परिचालन गर्न आवश्यक सुझाव दिने ।

४. सङ्घीय मामिला तथा समान्य प्रशासन संचालनसम्बन्धी ऐन, कानुन र संरचनाहरूलाई समयानुकूल अद्यावधिक गर्ने सम्बन्धमा सुझाव दिने ।

५. सेवाग्राहीहरूले सहज ढङ्गले सेवा प्राप्त गर्ने कुराको सुनिश्चितता गर्न तदअनुरूपको निजामती तथा सार्वजनिक सेवा संचालन गर्न/गराउन सुझाव दिने ।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## र) सामाजिक सेवा विभाग

१. नेपालभित्र क्रियाशील रहेका राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाहरूको कामको समग्र मूल्यांकन गर्ने र उनीहरूलाई राष्ट्रिय विकासमा एकीकृत गर्न आवश्यक

सुझाव दिने ।

२. नेपालमा गैरसरकारी संस्थाहरूको उपस्थिति, भूमिका र सम्भाव्यताबारे अध्ययन गर्ने । गैरसरकारी संस्था र सामाजिक क्षेत्रसँग सम्बन्धित विषयमा राष्ट्रहीत र जनहीतअनुकूल नीति निर्माण गर्न, कानून बनाउन र संरचनाको विकास गर्न आवश्यक सुझाव पेस गर्ने ।

३. मानव अधिकारका विश्वव्यापी मान्यताहरू र तिनको कार्यान्वयनसम्बन्धी अवस्थाको अध्ययन गरी सुझाव दिने ।

४. सामाजिक विकास सम्बन्धि समग्र अवधारणा तयार गरी पार्टीलाई सुझाव दिने ।

५. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**ल) सामाजिक सेवा तथा समाजकल्याण विभाग**

१. सामाजिक सुरक्षा सम्बन्धि राज्यका नीतिहरुको अध्ययन गर्ने र समयानुकुल सुधारका लागि सुझाव दिने ।

२. ज्येष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, लोपोन्मुख समुदाय एवम् असहायहरूको सामाजिक सुरक्षाका सम्बन्धमा आवश्यक नीति निर्माण गर्न सुझाव दिने ।

३. महिला हिंसा, बालश्रम, जिउ मास्ने बेच्ने आदि अपराध रोक्न र त्यससम्बन्धी प्रभावकारी ऐन कानुन निर्माणका लागि सुझाव दिने ।

४. सामाजिक सुरक्षासम्बन्धी अन्तराष्ट्रिय कानुन एवम् सन्धि संझौताहरुको अध्ययन गरी राष्ट्रिय सन्दर्भमा तिनको औचित्य र उपयोगिताबारे सुझाव दिने ।

५. महलिा, दलित आदिवासी जनजाति, मधेसी, लोपोन्मुख  एवम् अल्पसंख्यक समुदाय र पिछडिएको क्षेत्रसंग सम्कन्धित विषयमा गोष्ठी तथा छलफल कार्यक्रम आयोजना गर्ने ।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

**व) सहकारी तथा गरिबी निवारण विभाग**

१. सहकारी तथा गरिबी निवारणको क्षेत्रमा भएका कामको समग्र मूल्यांकन गर्ने र यस क्षेत्रको विकास लागि सुझाव दिने ।

२. सहकारी संस्था, संघ तथा महासंघलाई जनमुखी बनाउन र प्रभावकारी रूपमा सञ्चालन गर्न सुझाव दिने ।

३. सरकारको सहकारी नीति तथा गरिबी निवारण कार्यक्रमका बारेमा अध्ययन गर्ने र सुझाव दिने ।

४. सहकारीको विकास र विस्तार गरी सामाजिक परिवर्तनलाई सहयोग पुऱ्याउन नीतिगत तथा संरचनागत सुधारका लागि सुझाव दिने ।

५. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## श) सहरी विकास विभाग

१. सहरी विकासको अवधारणा, उद्देश्य, नीति, संरचना र कामका सम्बन्धमा अध्ययन गर्ने । अव्यवस्थित सहरीकरणको समस्यालाई रोक्न र समयानुकूल तथा व्यवस्थित शहरीकरणको विकास गर्न सुझाव पेश गर्ने ।

२. सहरी विकासका समस्या र चुनौतीहरूको अध्ययन गरी नीतिगत तथा व्यवहारिक सुधारका विषयमा सुझाव प्रस्तुत गर्ने ।

३. सहरी विकासका लागि स्थानीय साधन-स्रोत परिचालनका उपयायहरूबारे सुझाव दिने ।

४. सडक, विद्युत्, दूरसञ्चार, पर्यटन, खानेपानीजस्ता सहरी पूर्वाधार विकासका निम्ति क्षेत्रगत एवम् विषयगत नीतिका सम्बन्धमा सुझाव पेस गर्ने ।

५. सहरी विकाससँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ष) साहित्य, कला तथा संस्कृति विभाग

१. साहित्य, कला तथा संस्कृतिसम्वन्धी पार्टी नीतिलाई समयोचित र समृद्ध बनाउन सुझाव दिने ।

२. जाति, भाषा, धर्म, संस्कृतिसम्बन्धी समस्या तथा समाधानका उपायका सम्बन्धमा अध्ययन गर्ने र सुझाव प्रस्तुत गर्ने ।

३. विभिन्न जाति, जनजाति तथा समुदायका भाषा, संस्कृति, साहित्य र लिपिको संरक्षण तथा विकासमा सहयोग पुऱ्याउन अपनाउनुपर्ने नीतिका सम्बन्धमा सुझाव प्रस्तुत गर्ने ।

४. जाति, भाषा, धर्म, संस्कृति, साहित्य र कलासँग सम्बन्धित सङ्घ-संस्थाहरूका सम्बन्धमा अध्ययन गरी तिनका सम्बन्धमा अपनाउनुपर्ने नीति प्रस्ताव गर्ने ।

६. पार्टीका नेता-कार्यकर्ताहरूले अवलम्बन गर्नुपर्ने आचरण र समाजको सांस्कृतिक रूपान्तरणका सम्बन्धमा सुझाव दिने । प्रगतिशील एवम् जनमुखी संस्कृति र संस्कारको

विकासका लागि क्रियाशील रहने ।

७. साँस्कृतिक तथा साहित्यिक संस्थाहरू, साहित्यकार तथा कलाकर्मीहरू र यस क्षेत्रसँग सम्बन्धित विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

९. कमिटीले तोकिदिएको अन्य कार्य गर्ने ।

## स) स्थानीय विकास विभाग

१. स्थानीय तहले संविधान, कानून तथा पार्टी नीतिअनुरूप काम गरे/नगरेको विषयमा अध्ययन, विश्लेषण तथा मुल्याङ्कन गर्ने र नीतिगत सुझाव दिने ।

२. स्थानीय सरकारको सेवा र कामलाई जनमुखी र प्रभावकारी बनाउन लिनुपर्ने नीतिसम्बन्धमा सुझाव दिने ।

३. यस क्षेत्रमा कार्यरत पार्टी कार्यकर्तालाई योग्य र सक्षम बनाउन प्रशिक्षण सामाग्री र योजना तयार गरी प्रस्तुत गर्ने ।

४. स्थानीय विकासलाई राष्ट्रिय विकासको समग्र धारणाअनुरूप अगाडि बढाउन तथा स्थानीय विकासमा जनसहभागिता जुटाउनका नीति तथा योजना प्रस्तुत गर्ने ।

५. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने, अन्तर्क्रिया तथा छलफल गर्ने र सुझाव प्राप्त गर्ने ।

६. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## ह) स्वास्थ्य तथा जनसङ्ख्या विभाग

१. स्वास्थ्य तथा जनसङ्ख्या क्षेत्रसँग सम्बन्धित नीतिमा परिमार्जन र विकास गर्न तथा यस क्षेत्रका समस्या पहिचान गरी समाधानका उपाय प्रस्तुत गर्ने ।

२. जनस्वास्थ्यका सम्बन्धमा गर्नुपर्ने खोज-अनुसन्धानका विषयहरू पहिचान गर्ने सुझाव प्रस्तुत गर्ने ।

३. स्वास्थ्य क्षेत्रसँग सम्बन्धित सङ्गठनहरूका सम्बन्धमा नीतिगत प्रस्ताव प्रस्तुत गर्ने ।

४. राष्ट्रिय जनसङ्ख्या नीति निर्माण गर्न सुझाव दिने ।

५. पार्टीले स्वास्थ्य शिविर आयोजना गर्दा विशेषज्ञहरूको समुह परिचालन गर्ने र शिविरको प्रभावकारिताका लागि सहयोग तथा समन्वय गर्ने ।

६. सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको अभिलेख तयार गर्ने र उनीहरूबाट सहयोग तथा सुझाव प्राप्त गर्ने ।

७. कमिटीले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद- ५
## पार्टी संयन्त्र, कार्यदल र विशेष कमिटी

### ४९. पार्टी संयन्त्र गठन

१. विधानको धारा- १७ लगायत विभिन्न धारामा उल्लेख भएबमोजिम पेसागत, सामुदायिक तथा सरोकारवाला सङ्घ, सङ्गठनहरूमा संयन्त्रमार्फत् पार्टी नीति र भूमिका स्थापित गरिनेछ ।

२. संयन्त्रमा सम्बन्धित पार्टी कमिटीबाट तोकिएका इन्चार्जसमेत बढीमा ११ जना सदस्य रहनेछन् । संयन्त्रमा सचिवको व्यवस्था गर्न सकिनेछ ।

३. संयन्त्रमा पार्टी सदस्य रहेका सम्बन्धित सङ्गठनका पदाधिकारी तथा सदस्यहरू रहनेछन् । विशेष स्थितिमा परीक्षणकालमा रहेका सदस्य र समर्थकहरू पनि रहन सक्नेछन् ।

४. सम्बन्धित तहको पार्टी कमिटीले आवश्यक ठानेको अवधिसम्म संयन्त्र सञ्चालन हुनेछ । जुन सङ्घ वा सङ्गठनमा संयन्त्र गठन गरिएको हुन्छ, त्यो संङ्घ वा सङ्गठन विघटित भएमा वा कार्यकाल समाप्त भएमा संयन्त्रको कार्यकाल पनि स्वतः समाप्त हुनेछ । गठन गर्ने पार्टी कमिटी विघटित भएमा वा अधिवेशनबाट नयाँ कमिटी बनेमा संयन्त्र पनि स्वतः विघटन हुनेछ ।

### ५०. पार्टी संयन्त्रका अधिकार र कर्तव्य देहायबमोजिम हुनेछन्

१. आफूसित सम्बन्धित पेसागत, सामुदायिक, जनप्रतिनिधिमूलक तथा सरोकारवाला सङ्घ-सङ्गठनलाई पार्टीको नीति, निर्णय र निर्देशनअनुरूप समन्वय गर्ने,

२. सम्बन्धित पार्टी कमिटीको निर्णय र निर्देशनलाई बिनासर्त पालना गर्ने,

३. सम्बन्धित पार्टी कमिटीप्रति उत्तरदायी रहने र नियमितरूपमा आफ्ना कामको प्रतिवेदन पेस गर्ने,

४. सम्बन्धित पार्टी कमिटीले तोकेका अन्य काम गर्ने ।

### ५१. कार्यदल

कुनै पनि पार्टी कमिटीले कुनै काम सम्पादन गर्न वा कुनै खास विषयमा छानविन गरी निष्कर्षमा पुग्न कार्यदल गठन गर्न, यस्तो कार्यदलको नामाकरण गर्न तथा अधिकार, कर्तव्य र कार्यविधि तोक्न सक्नेछ ।

### ५२. विशेष जिल्ला कमिटी गठन हुनसक्ने

विधानको धारा- २८ बमोजिम काठमाडौं उपत्यका विशेष कमिटी मातहतमा देहायका विशेष जिल्ला कमिटी गठन हुन सक्नेछन् :

१. मजदुर विशेष जिल्ला कमिटी
२. पेशागत विशेष जिल्ला कमिटी
३. युवा-विद्यार्थी विशेष जिल्ला कमिटी
४. उद्योग-व्यवसाय विशेष जिल्ला कमिटी

## परिच्छेद- ६
## विधान संशोधन तथा फरक मत उपरको छलफल

### ५३. विधान संशोधन उपर छलफल

१. विधानको धारा- ८९ बमोजिम विधान महाधिवेशन हुनुभन्दा सामान्यतया एक महिना अगावै केन्द्रीय कमिटीले प्रदेश तथा स्थानीय कमिटीमा विधान संशोधनसम्बन्धी प्रस्ताव पठाउनेछ ।
२. प्रदेश तथा स्थानीय कमिटीले आफ्नो कमिटीमा छलफल गरी थप गर्नुपर्ने, हटाउनुपर्ने वा संशोधन हुनुपर्ने विषय र सोको कारण उल्लेख गरी केन्द्रीय कमिटीमा पठाउनुपर्नेछ ।
३. उपनियम (२) बमोजिम प्राप्त सुझावहरूलाई केन्द्रीय कमिटीले अध्ययन गरी सोको आधारमा विधान संशोधन प्रस्ताव परिमार्जन गर्न र विधान महाधिवेशनसमक्ष पेश गर्न सक्नेछ ।
४. विधान महाधिवेशनमा केन्द्रीय कमिटीबाट प्रस्तुत प्रस्ताव उपर छलफल गरिनेछ र महाधिवशेनको बहुमतले गरेको निर्णयअनुसार विधान संशोधन प्रस्ताव पारित हुनेछ ।

### ५४. फरकमत उपरको छलफल

१. विधानको धारा- ७१ (३) र ७८ (१) बमोजिम बैठकमा लिखित रूपमा फरक मत प्रस्तुत गर्ने सदस्यले अफ्नो फरकमत महाधिवेशन/अधिवेशनमा उठाउन आवश्यक ठानेमा त्यस्तो विषय सम्बन्धित कमिटीमा राख्नुपर्नेछ ।
२. त्यसरी राखिएको फरक मतका सम्बन्धमा महाधिवेशन/अधिवेशनबाटै निरूपण हुनुपर्ने ठहर भएमा कमिटीले महाधिवेशन/अधिवेशनको कार्यसूचीमा समावेश गर्न सक्नेछ । महाधिवेशन/अधिवेशनको बहुमतले गरेको निर्णय सबैले पालना गर्नुपर्नेछ ।

## परिच्छेद- ७
## सम्पत्ति विवरण तथा आर्थिक व्यवस्था

### ५५. सम्पत्ति विवरण माग गर्न सक्ने

१. विधानको धारा- २४ (५) (ङ) बमोजिम सम्पत्ति विवरण पेश गर्न लगाउँदा विधानको धारा- ७९ मा उल्लिखित पदमा रहेका सबैलाई र सो बाहेक अन्य व्यक्तिको हकमा आयोगले विशेष निर्णय गरी सम्पत्ति विवरण भराउन सक्नेछ ।

२. सम्पत्ति विवरण अनुसूची- ७ को ढाँचामा पेश गर्नुपर्नेछ। तर नेपाल सरकारले सम्पत्ति विवरण पेश गर्ने प्रयोजनका लागि तोकेको ढाँचामा विवरण पेश गर्न बाधा पुगेको मानिने छैन ।

## ५६. अचल/जिन्सी लगत राख्ने तरिका

विधानको धारा- ८६ बमोजिम जग्गा, भवन र अन्य भौतिक सम्पत्तिको लगत फरक-फरक रूपमा राख्नुपर्नेछ ।

## ५७. पारिश्रमिक खर्च व्यवस्था

विधानको धारा- ८७ मा उल्लेख भएबमोजिम पार्टीको पारिश्रमिक खर्च देहायबमोजिम हुनेछ :

१. अन्य वैकल्पिक स्रोत नभएका र पुर्णकालीनरूपमा पार्टीको राजनीतिक तथा प्रशासनिक कार्यमा संलग्न पदाधिकारी, सदस्य, कार्यालय सचिव र कर्मचारीलाई सम्बन्धित कमिटीले निर्धारण गरेबमोजिम पारिश्रमिक र सुविधा दिइनेछ ।

२. पार्टीले तोकेको काममा खटिई जाने नेता तथा कार्यकर्ताको खर्च सम्बन्धित कमिटीले व्यहोर्नुपर्नेछ ।

## ५८. लेखापरीक्षण

१. विधानको धारा- २५ र ८८ बमोजिम केन्द्रीय कमिटीको आन्तरिक लेखापरीक्षण केन्द्रीय कमिटीले तोकेको लेखापरिक्षकबाट हुनेछ। अन्तिम लेखापरीक्षण केन्द्रीय लेखा आयोगबाट गरिनेछ ।

२. प्रदेश, जिल्ला तथा पालिका कमिटीको आन्तरिक लेखापरीक्षण गर्नको लागि प्रदेश तहमा प्रदेश अधिवेशनबाट, जिल्ला तहमा जिल्ला अधिवेशनबाट र पालिका तहमा पालिका अधिवेशनबाट अध्यक्ष- १, उपाध्यक्ष- १, सचिव- १ सहित बढीमा ७ सदस्यीय लेखा कमिटीको निर्वाचन हुनेछ। यो कमिटी सम्बन्धित तहको अधिवेशन र प्रतिनिधि परिषद्प्रति उत्तरदायी हुनेछ ।

३. लेखा कमिटीको अध्यक्षको मर्यादा सम्बन्धित तहको कमिटीको सचिवालय सदस्य सरह र उपाध्यक्ष, सचिव र सदस्यहरूको मर्यादा कमिटीको सदस्यसरह हुनेछ ।

४. लेखा कमिटीको अधिकार र कर्तव्य देहायबमोजिम हुनेछ :

क) आफ्नो कमिटीको आय-व्ययको नियमित अनुगमन र वार्षिक लेखापरीक्षण गर्ने ।

ख) आवश्यकताअनुसार मातहतका पार्टी कमिटी तथा पार्टीसम्बद्ध जनसङ्गठनहरूको आय-व्ययको निरीक्षण गरी सुझावसहितको प्रतिवेदन सम्बन्धित कमिटीमा प्रस्तुत गर्ने ।

ग) आवश्यकताअनुसार लेखा तथा आर्थिक व्यवस्थापनसम्बन्धी तालिम, प्रशिक्षण सञ्चालन गर्ने ।

घ) लेखापरीक्षणसम्बन्धी कामको सन्दर्भमा आवश्यकताअनुसार सम्बन्धित कमिटी

मातहतका कमिटी र कमिटीका बैठक एवम् कार्यक्रममा उपस्थित हुने ।

ङ) आफ्नो कमिटीका अध्यक्ष, उपाध्यक्ष, सचिव र सदस्यको राजीनामा स्वीकृत गर्ने र पदपूर्ति गर्ने ।

च. आफ्नो कामको जानकारी सम्बन्धित कमिटीलाई दिने, आवधिक प्रतिवेदन सम्बन्धित तहको प्रतिनिधि परिषद् र अधिवेशनसमक्ष प्रस्तुत गर्ने ।

५. प्रदेश, जिल्ला, महानगरपालिका र उपमहानगरपालिका कमिटीको अन्तिम लेखापरीक्षण गर्ने अधिकार केन्द्रीय लेखा आयोगलाई हुनेछ। सोबाहेक अन्य कमिटीको अन्तिम लेखापरीक्षण एक तह माथिल्लो लेखा कमिटीबाट गरिनेछ ।

## परिच्छेद- ८

## अनुसन्धान प्रतिष्ठान, जनसंगठन समन्वय संयन्त्र तथा स्वयंसेवी संगठन

### ५९ अनुसन्धान प्रतिष्ठान

१. केन्द्रीय कमिटीले देहायको कार्य गर्न विधानको धारा- ९८ बमोजिम अनुसन्धान प्रतिष्ठानको स्थापना गर्न सक्नेछ :

क) नेपाली समाजको आर्थिक-समाजिक अवस्थाको विश्लेषण र वर्गविश्लेषण गर्ने । राजनीतिक पार्टीहरूको वर्ग चरित्र, उनीहरूको सैद्धान्तिक, कार्यक्रमिक र नीतिगत भिन्नता एकिन गर्ने ।

ख) जनताको बहुदलीय जनवादको कार्यान्वयन र समाजवादको आधार निर्माण गर्ने सम्बन्धमा अध्ययन, विश्लेषण र सुझाव प्रस्तुत गर्ने ।

ग) नेपाल कम्युनिष्ट आन्दोलनको समग्र इतिहासको अध्ययन तथा विश्लेषण गर्ने ।

घ) पार्टी तथा राज्यका विभिन्न क्षेत्रका नीतिहरूको विश्लेषण गर्ने । पार्टीले लिने भावी दिशाका सम्बन्धमा अध्ययन अनुसन्धान गर्ने र प्राप्त निष्कर्ष केन्द्रीय कमिटीसमक्ष प्रस्तुत गर्ने ।

ङ) अध्ययन प्रतिष्ठान संचालन कार्यविधिमा उल्लेख भएबमोजिम तथा केन्द्रीय कमिटीले तोकेको अन्य कार्य गर्ने ।

२. केन्द्रीय कमिटीले तोकेको पदाधिकारी अनुसन्धान प्रतिष्ठानको अध्यक्ष हुनेछ। केन्द्रीय कमिटीले प्रमुख कार्यकारी निर्देशकसहित बढीमा सात सदस्यीय निर्देशक कमिटी मनोनयन गर्न सक्नेछ ।

३. अध्ययन प्रतिष्ठानले आफ्नो कार्यविधि आफै बनाउनेछ र केन्द्रीय कमिटीबाट पारित भएपछि लागू गर्नेछ ।

### ६०. जनसंगठन समन्वय संयन्त्र

१. जनसंगठनहरू पार्टीको नीतिगत मार्गदर्शन र सामान्यतया संगठनात्मक स्वायत्तताको आधारमा संचालन हुनेछन्। यस प्रयोजनको लागि जनसंगठनहरूलाई समन्वय गर्न

विधानको धारा- ३ को उपधारा (१३) तथा धारा- ९१ को कार्यान्वयनको लागि जनसंगठन समन्वय संयन्त्र गठन हुनेछ। संयन्त्रमा देहायका जनसंगठनका इन्चार्ज, सहइन्चार्ज र अध्यक्ष रहनेछन् :

क) नेपाल ट्रेड युनियन महासङ्घ

ख) अखिल नेपाल किसान महासङ्घ

ग) अखिल नेपाल महिला सङ्घ

घ) अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन,

ङ) राष्ट्रिय युवा सङ्घ नेपाल

च) नेपाल राष्ट्रिय जनसाँस्कृतिक महासङ्घ

छ) पेसागत महासङ्घ नेपाल

ज) नेपाल बुद्धिजीवी परिषद्

झ) प्रेस चौतारी नेपाल

ञ) मानव अधिकार एलायन्स, नेपाल

ट) प्रगतिशील तथा पेशागत कानुन व्यवसायी सङ्गठन, नेपाल

ठ) नेपाल खेलकुद महासङ्घ

ड) नेपाल उद्योग तथा व्यवसायी महासङ्घ

ढ) नेपाल लोकतान्त्रिक आदिवासी-जनजाति महासङ्घ

ण) नेपाल भूमिहीन सुकुम्बासी सङ्गठन

त) रिटर्नी फेडेरेशन, नेपाल

थ) नेपाल मुस्लिम इत्तेहाद सङ्गठन

द) नेपाल उत्पीडित जातीय मुक्ति समाज

ध) नेपाल राष्ट्रिय भूतपूर्व सैनिक तथा प्रहरी सङ्गठन

न) लोकतान्त्रिक राष्ट्रिय अपाङ्ग सङ्गठन नेपाल

प) प्रगतिशील पेशागत ईञ्जिनियर्स एशोसियसन

फ) राष्ट्रिय स्वास्थ्यकर्मी संघ, नेपाल

२. केन्द्रीय कमिटीले उपनियम (१) मा उल्लेख गरिए बाहेकका अन्य जनसंगठन गठन गर्न र तिनलाई जनसंगठनको सूचीमा थप्न सक्नेछ। तर महासंघको संरचना भएको जनसंगठनको घटकलाई छुट्टै जनसंगठनको रूपमा सूचीकृत गरिने छैन ।

३. प्रदेश तथा जिल्ला कमिटीले आफ्नो कार्यक्षेत्रभित्र यस नियममा उल्लेख भएबमोजिमका जनसंगठनलाई समन्वय गर्न समन्वय संयन्त्र गठन गर्न सक्नेछ ।

४. जनसंगठन समन्वय संयन्त्रले पार्टीको तर्फबाट :

(क) सम्बन्धित जनसंगठनको विशेषता र आवश्यकताअनुरुप कमिटीका पदाधिकारी, सदस्य संख्या र विधान निर्माणमा सहयोग र सहजीकरण गर्ने ।

(ख) जनसंगठनहरूलाई साझा सरोकारहरूका विषयमा आपसी सहयोग र सहकार्य गर्न

सहजीकरण गर्ने ।

(ग) यससम्बन्धी अन्य व्यवस्था जनसंगठन समन्वय संयन्त्रले निर्देशिका बनाई व्यवस्थित गर्नेछ ।

५. सम्बन्धित पार्टी कमिटीले निर्धारण गरेको मापदण्डअनुरुप जनसंगठनमा कार्यरत पार्टी सदस्य सम्बन्धित पार्टी अधिवेशनका लागि प्रतिनिधि निर्वाचित हुन उम्मेदवार बन्न सक्नेछन् ।

६. निर्धारित मापदण्डअनुरुप जनसंगठनमा कार्यरत पार्टी सदस्य सम्बन्धित पार्टी कमिटीको पदाधिकारी वा सदस्य पदका लागि उम्मेदवार बन्न सक्नेछन् ।

### ६१ स्वयंसेवी संगठन

विधानको धारा- ९३ बमोजिम स्वयम्सेवासम्बन्धी कार्य व्यवस्थितरूपमा सञ्चालन गर्न पार्टीले एक स्वयम्सेवी सङ्गठन गठन गर्नेछ । यसको नामाकरण तथा सञ्चालन 'स्वयम्सेवी सङ्गठन गठन तथा सञ्चालन निर्देशिका' मा व्यवस्था भएबमोजिम हुनेछ ।

## परिच्छेद-९
## विविध

### ६२. ज्येष्ठ कम्युनिष्टको परिचय-पत्र

विधानको धारा- ९६ को उपधारा (३) बमोजिम ज्येष्ठ कम्युनिष्टलाई प्रदान गरिने परिचय-पत्रको ढाँचा अनुसूची- ८ बमोजिम हुनेछ ।

### ६३. औपचारिक कार्यक्रम

१. विधानको धारा- ९९ बमोजिम औपचारिक कार्यक्रम संचालन गर्दा पार्टीको झण्डा र राष्ट्रिय झण्डा राखिनेछ ।

२. पार्टीको औपचारिक समारोह संचालन गर्दा राष्ट्रिय गान अनिवार्य हुनेछ। सोपश्चात् शहिदप्रति श्रद्धान्जली अर्पण गरिनेछ ।

### ६५. अनुमति तथा कार्यभार हस्तान्तरण

१. सबै तहका पार्टी कमिटीका पदाधिकारी तथा सदस्यहरूले आफ्नो कार्यक्षेत्रबाट बाहिर जानुपरेमा सम्बन्धित कमिटीको अध्यक्षलाई जानकारी दिएर जानुपर्नेछ ।

२. निर्वतमान कमिटीले नवगठित कमिटीलाई कमिटी गठन भएको १५ दिनभित्र स्रेस्ता, सम्पत्ति र हिसाब-किताबसहित कार्यभार हस्तान्तरण गर्नुपर्नेछ ।

### ६६. नियमावलीको व्याख्या

यस नियमावलीको अन्तिम व्याख्या केन्द्रीय कमिटीले गर्नेछ ।

## ६७. नियमावली संशोधन

केन्द्रीय कमिटीले यस नियमावलीमा आवश्यक संशोधन गरी लागू गर्न सक्नेछ ।

## ६८. विनियम, निर्देशिका र आचारसंहिता

पार्टीको कार्य सम्पादनलाई सुव्यवस्थित गर्न केन्द्रीय कमिटीले देहायबमोजिमका विनियम, निर्देशिका र आचारसंहिता बनाई लागू गर्न सक्नेछ :

१. आर्थिक विनियम,
२. कार्यकर्ता संरक्षण कोष विनियम,
३. केन्द्रीय कार्यालयका कर्मचारीहरूको सेवा-शर्तसम्बन्धी विनियम,
४. पार्टी स्कुल सञ्चालन निर्देशिका,
५. अनुसन्धान प्रतिष्ठान सञ्चालन निर्देशिका,
६. प्रवास क्षेत्रको कामसम्बन्धी निर्देशिका,
८. सम्पर्क मञ्च सञ्चालन निर्देशिका,
९. जनसंगठन समन्वय निर्देशिका,
१०. अन्य आवश्यक विनियम तथा निर्देशिका,
११. आचारसंहिता ।

## ६९. बाधा-अड्काउ फुकाउ

यस नियमावलीको प्रयोग गर्दा उत्पन्न बाधा-अड्काउ फुकाउन केन्द्रीय कमिटीले आवश्यक आदेश वा निर्देशन जारी गर्न सक्नेछ ।

## अनुसूची- १

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

### पार्टी सदस्यता आवेदन-पत्र
### (नियमावलीको नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

मिति : ..................

कमरेड अध्यक्ष,
...............................पालिका/ईलाका कमिटी,
मार्फत,
.................................वडा/शाखा कमिटी ।

म मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादप्रति प्रतिबद्ध छु। यस पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न मञ्जुर गर्दछु। मैले पार्टीको विधानमा उल्लिखित योग्यता पूरा गरेको हुनाले पार्टी सदस्यता प्रदान गरियोस् भनी अनुरोध गर्दछु। मेरो व्यक्तिगत विवरण निम्नानुसार छ :

१. नाम ....................................

२. स्थायी ठेगाना .......................

३. अस्थायी ठेगाना ....................

४. जन्म मिति ............................

५. नागरिकता प्रमाणपत्र नं. ............

६. नागरिकता प्रमाणपत्र जारी जिल्लाः ................

७. शैक्षिक योग्यता .....................

८. विवाहित भए दम्पत्तिको नाम ......................

९. आमाको नाम .........................

१०. बाबुको नाम ............................

११. लिङ्ग .............................

१२. जाति/समुदाय .......................

१३. पेसा ....................................

१२. वर्ग ................................

सङ्क्षिप्त राजनीतिक पृष्ठभूमि ........................................................................................
...........................................................................................................................
..........................................................................................

...........................
आवेदकको हस्ताक्षर

हामी आवेदकलाई राम्ररी चिन्दछौ। निजलाई विधानअनुरूप पार्टी सदस्यता प्रदान गर्न उपयुक्त देखिएको हुनाले सिफारिस गर्दछौं। सिफारिस गर्ने पार्टी सदस्यको विवरण :

| | |
|---|---|
| १. | २. |
| नाम .................................. | नाम ..................................... |
| स्थायी ठेगाना ....................... | स्थायी ठेगाना ....................... |
| कमिटी ............................ | कमिटी ............................ |
| पद ............................. | पद ............................. |
| सदस्यता नं. ................ | सदस्यता नं. ............... |

सिफारिस गर्ने पालिका/इलाका कमिटी ................... .................................................
यस कमिटीको मिति :.......................मा बसेको बैठकको निर्णयबमोजिम आवेदकको योग्यता पूरा भएको हुँदा निजलाई पार्टी सदस्यता प्रदान गर्न जिल्ला कमिटीमा सिफारिश गरिएको छ।

प्रमाणित गर्ने :
हस्ताक्षर ...................... .................
नाम .................................
पद .........................
मिति .............................

## अनुसूची- २

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## पार्टी सदस्यको विवरण

**(नियमावलीको नियम ५ को उपनियम (५) सँग सम्बन्धित)**

प्रदेश .................................... जिल्ला ............................ प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं ........................................
प्रदेशसभा निर्वाचन क्षेत्र नं........................नगरपालिका/गाउँपालिका .......................... .............................................
वडा नं. ............

| क.सं. | सदस्यता नं. | नाम | स्थायी ठेगाना | अस्थायी ठेगाना | नागरिकता प्रमाणपत्र नं. | नागरिकता प्राप्त जिल्ला | जाति/समुदाय | लिङ्ग | वर्ग | पेसा | सदस्यता प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

प्रमाणित गर्ने :

हस्ताक्षर ........................ ............................

नाम ..................... ..........................

पद र कमिटी ................. .........................

मिति ..................................

# अनुसूची- ३

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## सदस्यता-पत्र

## (नियमावलीको नियम ७ को उपनियम (२) सँग सम्बन्धित)

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

सदस्यता-पत्र

नाम:
ठेगाना:
जन्म मिति:
सदस्यता प्राप्त मिति:

केपी शर्मा ओली
अध्यक्ष, केन्द्रीय कमिटी

QR Code

सदस्यता नं.
१२३४५

नेपाल कम्युनिष्ट पार्टी (एमाले)
केन्द्रीय कार्यालय
पो.ब.नं.: ५४७१, काठमाडौं, नेपाल
सर्म्पक फोन नं.: +९७७ ९८५१३ ४४५५६
ईमेल: partyhq@cpnuml.org
वेब: www.cpnuml.org

## अनुसूची- ४


## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## परिचय-पत्र

## नियमावलीको नियम ७ को उपनियम (३) सँग सम्बन्धित

---



**अनुसूची- ५**

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

**सदस्यता स्थानान्तरण-पत्र**

**(नियमावलीको नियम- ८ को उपनियम (४) सँग सम्बन्धित)**

मिति ................

कमरेड अध्यक्ष,

.............................................

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

**विषय : सदस्यता स्थानान्तरण सम्बन्धमा ।**

कमरेड,

निम्न विवरणका कमरेडको सदस्यता त्यस कमिटीअन्तर्गत रहनेगरी स्थानान्तरण गरिएको छ । उहाँलाई उपयुक्त कमिटीमा सङ्गठित गरी पार्टी काममा लगाउनहुन अनुरोध गर्दछु ।

व्यक्तिगत विवरण :

नाम ...............................................................................

जन्म मिति .........................................................................................................

सदस्यता प्राप्त मिति .............................................................................................

सदस्यता नम्बर ...............................................................................

सदस्यता नवीकरण मिति ..............................................................................

स्थानान्तरण हुनुअघि सङ्गठित कमिटी ...................................................................

पद .............................................................................

स्थानान्तरण गर्नुपर्नाको कारण ....................................................................................

हार्दिक अभिवादनसहित !

सरुवा गर्ने कमिटी/निकाय .........................................................................

पदाधिकारीको पद र नाम .......................... .................................. .....

हस्ताक्षर ............................ ........................

बोधार्थ

........................................................

........................................................

**अनुसूची- ६**

**नेपाल कम्युनिष्ट पार्टी (एमाले)**

**एकीकरण/प्रवेशको प्रक्रियाबाट पार्टीमा समावेश सदस्यको विवरण**

**(नियमावलीको नियम ९ को उपनियम (२) सँग सम्बन्धित)**

मिति : ..................

कमरेड अध्यक्ष,

............................... कमिटी,

नेपाल कम्युनिस्ट पार्टी (एमाले)

म मार्क्सवाद-लेनिनवाद र जनताको बहुदलीय जनवादप्रति प्रतिबद्ध भइ यस पार्टीको सिद्धान्त, कार्यक्रम, नीति र विधानलाई स्वीकार गरी नेकपा (एमाले)मा एकीकृत/समावेश भएको छु। नेकपा (एमाले)मा एकीकृत/समावेश हुनुपूर्वको मेरो राजनीतिक पृष्ठभूमी निम्नअनुसार छ :

१. एकीकृत/प्रवेश गर्ने व्यक्तिको नाम ........................... ..........................

२. स्थायी ठेगाना ............................ ...................

३. अस्थायी ठेगाना .................. ...............................

४. जाति/समुदाय ......................... ...............................

५. लिङ्ग .................. ...................

६. वर्ग .................. .....................

३. नागरिकता नं. ............................ ..................

४. नागरिकता प्रमाणपत्र प्राप्त जिल्ला ................................. .................

२. परित्याग गरेको राजनीतिक दलको नाम .......................................

२. उक्त दलको सदस्य बनेको/आबद्ध भएको मिति .................................

३. उक्त दल परित्याग गर्नु भन्दा ठिक अगाडी कार्यरत पद ................................

४. सो पदमा निर्वाचित/मनोनित भएको मिति .....................

५. संक्षिप्त राजनीतिक पृष्ठभूमी .................................. ...................... ...... ...... .... ......................... ..................................... ................................... .................................................................................................. .................

.......................

आवेदकको हस्ताक्षर

**संलग्न काजजात :**

१. परित्याग गरेको राजनीतिक दलको सदस्यता पत्र,

२. निर्वाचित/मनोनित भएको कमिटी, पद र मिति र

३. अन्य प्रमाण भए सो समेत पेश गर्ने ।

## अनुसूची- ७
## नेपाल कम्युनिष्ट पार्टी (एमाले)
## सम्पत्ति विवरण फारम
## (नियमावलीको नियम- ५५ को उपनियम २ सँग सम्बन्धित)

नाम ................................ ........................

पद ........................... ........................

कमिटी ........................... ................

स्थायी ठेगाना .............................. ..............................

विवरण पेश गरेको आ.व. ............................. .......................

### १. अचल सम्पत्तिको विवरण

### क. घर

| क.स. | घरधनीको नाम | घर र घरले चर्चेको जग्गाको विवरण | | | | | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा | कित्ता | क्षेत्रफल (वर्गमिटर) | | | |
| | | | | | | | | | |

**ख. जग्गा**

| क.स | जग्गाधनीको नाम | जग्गाको विवरण | | | | | खरिद गरेको भए सोको मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | जिल्ला | गा.पा./न.पा. | वडा नं. | कित्ता नं | क्षेत्रफल (वर्गमिटर) | | | |
| | | | | | | | | | |

### २. चल सम्पत्तिको विवरण

### (क) नगद, सुन, चाँदी, हिरा, जवाहरात :

| क.स. | विवरण | परिणाम | प्राप्ति मिति | खरिद गरेको भए खरिद मूल्य | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**(ख) बैक, वित्तिय संस्था तथा सहकारी संस्थामा रहेको खाताको विवरण :**

| क.स. | खातावालाको नाम | संस्थाको नाम र ठेगाना | खाता नं | मौज्दात रकम | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**(ग) धितोपत्र, शेयर वा ऋणपत्रको विवरण :**

| क.स. | शेयरधनीको नाम, थर | कम्पनीको नाम र ठेगाना | शेयर/ऋणपत्रको किसिम | शेयर/ऋणपत्रको विवरण | | प्राप्तिको स्रोत | कैफि |
|---|---|---|---|---|---|---|---|
| | | | | संख्या | रकम | | परल मूल्य |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**(घ) ऋण लिए/दिए/तिरेको विवरण :**

| क.स. | ऋण लिने/दिने/तिर्ने व्यक्ति/संस्थाको नाम ठेगाना | ऋण | | | ऋण लिए/दिए/ तिरेको रकम | ऋण लिए/दिए/ तिरेको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | लिएको | दिएको | तिरेको | | | |
| | | | | | | | |
| | | | | | | | |

**(ङ) सवारी साधन -अटोमोबाइलको हकमा मात्र) को विवरण :**

| क.स. | सवारीधनीको नाम | सवारी किसिम र नम्बर | खरिद मूल्य | खरिद मिति | प्राप्तिको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

(३) कृषि तथा पशुधन (घा जग्गा बाहेक) को विवरण :

| **क.स.** | **विवरण** | **संख्या** | **खरिद मूल्य** | **प्राप्ति मिति** | **प्राप्तिको स्रोत** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(४) अन्य सम्पत्तिको को विवरण :

| **क.स.** | **विवरण** | **खरिद मूल्य** | **प्राप्ति मिति** | **प्राप्तिको स्रोत** | **कैफियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

मैले जाने बुझेसम्म माथि लेखिएबमोजिमको विवरण ठीक छ । फरक पर्ने छैन ।

हस्ताक्षर ............................. ..........................

नाम ......................... ......................

पद ........................ ................................

मिति ........................... ...............

**द्रष्टव्य :** अघिल्लो आर्थिक वर्षमा पेश गरेको सम्पत्ति विवरणमा थपघट भएको विवरण यसै बमोजिमको फारममा भरी पेश गर्नुपर्नेछ ।

## अनुसूची- ८

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

## ज्येष्ठ कम्युनिष्टको परिचय-पत्र

(नियमावलीको नियम- ६२ सँग सम्बन्धित)

